सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

नव वर्ष २०८३ को शुभकामना



नव वर्ष २०८३ को अवसरमा मधेस प्रदेश सहित सम्पूर्ण उद्योगी, व्यवसायी, व्यापारी, ग्राहक वर्ग तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

सि.ए. प्रमोद कुमार साह
अध्यक्ष
नेपाल उद्योग परिसंघ मधेस प्रदेश (CNI)

♦ वर्ष ९ ♦ अंक २२६ ♦ २०८३ साल वैशाख ९ बुधवार ♦ 22 April 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## ढल्केबरमा मोटरसाइकलको ठक्करबाट एक महिलाको मृत्यु, शिशुसहित तीन घाइते

**खबर दर्पण समाचारदाता**
**वैशाख ८ गते, बर्दिवास**

धनुषाको मिथिला नगरपालिका-६, ढल्केबरस्थित पूर्व-पश्चिम महेन्द्र राजमार्गमा मोटर साइकलको ठक्करबाट एक महिलाको मृत्यु भएको छ भने आठ महिनाको शिशुसहित तीन जना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार मोटरसाइकलको ठक्कर बाट मिथिला नगरपालिका-६, ढल्केबरकी ३१ वर्षीया बिनिताकुमारी महतो गम्भीर घाइते भएकी थिइन्। उनलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पठाउँदा चिकित्सकले मृत घोषणा गरेका हुन्।

दुर्घटनामा १६ वर्षीया अनुष्काकुमारी महतो र आठ महिनाको काँखे बालिका घाइते भएका छन्। साथै मोटरसाइकल चालक मिथिला नगरपालिका-८, जमुनिवासका ३२ वर्षीय प्रकाश थिङ पनि घाइते भएका छन्।

घाइतेहरूको ढल्केबरस्थित निजी स्वास्थ्य संस्थामा उपचार भइरहेको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको छ।

## मधेसमा तापक्रम ३९ डिग्री सेल्सियस: जनजीवन प्रभावित



**खबर दर्पण समाचारदाता**
**वैशाख ८ गते, बर्दिवास**

जनकपुरधामलगायत मधेस प्रदेशमा मंगलवार अत्यधिक गर्मी बढेको छ। प्रदेशभरमै सबैभन्दा बढी तापक्रम यो समाचार तयार पार्दासम्म जनकपुरधाममा मापन भएको छ।

जसअनुसार जनकपुरको तापक्रम अहिले ३८ डिग्री पुगेको छ भने वीरगञ्जमा ३९ डिग्री सेल्सियस पुगेर जनजीवन अत्यधिक प्रभावित भएको जल तथा मौसम विज्ञान विभाग कार्यालय जनकपुरका प्रमुख राजिव झाले जानकारी दिए। उनका अनुसार चर्को गर्मीसँगै तातो हावा चलेपछि सर्वसाधारणको दैनिकी कष्टकर बनाएको छ भने विशेषगरी बालबालिका, वृद्धवृद्धा, मजदुर र साना व्यवसायीहरू यसबाट सबैभन्दा बढी प्रभावित भएका छन्।

यस्तै, गर्मीको प्रत्यक्ष असर श्रमिक, मजदुर र साना सडक व्यवसायीहरूमा परेको छ। गर्मी अत्यधिक बढेर तातो हावा चलेसँगै दिनभर काम गर्न असहज भएको र ग्राहकहरूको चहलपहल पनि कम हुँदा उनीहरूको आम्दानीमा पनि असर परेको छ। सडक किनार मा ठेला वा पसल राख्ने व्यवसायीहरू दिउँसोको चर्को घाममा बस्न नसक्ने अवस्थामा छन्।

जल तथा मौसम विज्ञान विभागका अनुसार तराई क्षेत्रमा अझै केही दिन तापक्रम उच्च रहने सम्भावना छ। यसले गर्दा तातो हावा ९लु० चल्ने क्रम पनि जारी रहनेछ।

स्वास्थ्यकर्मीहरूले गर्मीबाट बच्न आवश्यक सावधानी अपनाउन आग्रह गरेका छन्। पर्याप्त मात्रामा पानी पिउने, झोलिलो पदार्थ सेवन गर्ने, दिउँसो घर बाहिर ननिस्कने, हल्का र खुकुलो कपडा लगाउने जस्ता उपायहरू अपनाउन चिकित्सकहरूले सुझाव दिएका छन्। विशेषगरी बालबालिका, वृद्धवृद्धा र दीर्घ रोगीहरूलाई गर्मीको प्रत्यक्ष प्रभावबाट बचाउन विशेष ध्यान दिनुपर्ने देखिन्छ।

## युएईलाई ८ विकेटले हराउँदै नेपाल विजयी

**खबर दर्पण समाचारदाता**
**वैशाख ८ गते, बर्दिवास**

नेपाल र संयुक्त अरब इमिरेट्स (युएई) बीचको अन्तर्राष्ट्रिय टी-२० शृङ्खला अन्तर्गत दोस्रो तथा अन्तिम खेलमा नेपाल विजयी भएको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको खेलमा नेपालले युएईलाई ८ विकेटले पराजित गरेको हो।

टस हारेर सुरुवाति ब्याटिङ गरेको युएईले निर्धारित २० ओभरमा ८ विकेटको क्षतिमा १२८ रनको योगफल तयार पार `को थियो।




१२९ रनको सामान्य लक्ष्य पछ्याएको नेपालले १५ दशमलव ५ ओभरमा २ विकेटको क्षतिमा लक्ष्य पूरा गरेको हो।

नेपालका लागि कुशल भूर्तेलले ५७ रन खर्चेर अविभित ८४ रन जोडे। बलिङतर्फ नेपालका सन्दिप लामिछानेले ३ विकेट लिँदा हेमन्त धामीले २ विकेट लिए।

योजितसँगै युएइ विरुद्ध दुई खेलको शृङ्खलामा नेपालले १-१ ले बराबरी खेलेको छ।

नेपाल पाहुना टोली युएइसँग हिजो पहिलो खेलमा ६ विकेटले पराजित भएको थियो।

नेपालले लिग-२ को तयारी स्वरुप युएईसँग टि-२० शृङ्खला खेलेको हो।-एजेन्सी

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran परिवर्तनकालागि १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# डोम समुदाय जहाँ गाउँ नै किनबेच गर्ने परम्परा छ

अजयकुमार साह

**वैशाख ८ गते, बर्दिवास**

घरजग्गा किनबेच सामान्य मानिन्छ, तर गाउँ नै किनबेच हुन्छ भन्ने कुरा धेरैका लागि अचम्म लाग्न सक्छ। मधेसका डोम (डुम) समुदायमा भने यस्तो परम्परा पुस्तौँदेखि चल्दै आएको छ, जसले उनीहरूको जीविकोपार्जन मात्र होइन, सामाजिक संरचनासमेत परिभाषित गरेको छ।

दलितभित्रकै अति पिछडिएको महादलित भनेर चिनिने डोम समुदायमा 'गाउँ किन्ने' अभ्यास आज पनि जीवित छ। यो परम्पराअनुसार कुनै व्यक्तिले निश्चित रकम तिरेर एउटा गाउँ 'किन्छ' र त्यस गाउँभित्र हुने विशेष प्रकारका आर्थिक गतिविधिमा एकाधिकार प्राप्त गर्छ।



क्षीरेश्वरनाथ नगरपालिका वडा नं. ६ बस्ने पल्टु मलिकले आठ महिना अगाडि राम बहादुर मलिकबाट २५ हजार रुपैयाँमा हरिहरपुर गाउँ किनेको छ ।

करिब पाँच हजार जनसङ्ख्या रहेको हरिहरपुर गाउँमा मलिकले मात्र बाँसबाट निर्मित ढाकी, नाङ्लो, कोनियाँ, पङ्ख्या लगायतका सामान बिक्री गर्ने अधिकार पाएका छन् ।

"मैले किनेको गाउँमा विवाह, भोज, मृत्यु वा पूजापाठ जस्ता कार्यक्रम हुँदा आवश्यक पर्ने सामग्री बेच्ने र दक्षिणा लिने अधिकार पनि मेरै हुन्छ," पल्टु मलिक भन्छन्।

यो व्यवस्था अनुसार बाहिरी डोम समुदायका व्यक्ति आएर त्यहाँ व्यापार गर्न पाउँदैनन्। यदि कसैले नियम उल्लंघन गरे, समुदायले तोकेको जरिवाना तिर्नुपर्छ। रोचक पक्ष के छ भने यस्तो जरिवाना प्रायः सुँगुर काटेर पूरै समुदायलाई भोज खुवाउने स्वरूपमा तोकिन्छ।

स्थानीय भुल्लीदेवी मलिकका अनुसार यो परम्परा कहिलेदेखि सुरु भयो भन्ने यकिन प्रमाण नभए पनि बाजेबराजुको पालादेखि नै चल्दै आएको विश्वास गरिन्छ। "जसरी जग्गा किनबेच गर्दा कानुनी प्रक्रिया पूरा गरिन्छ, गाउँ किनबेच गर्दा पनि कागजी प्रक्रिया मिलाइन्छ," उनी भन्छिन्। गाउँ किन्ने व्यक्तिको आम्दानीको मुख्य स्रोत भनेकै यस्ता परम्परागत अधिकार हुन्, बाँसका सामग्री बिक्री, भोजभतेरमा जुठोभाडा वर्तन माझ्ने, सरसफाइ गर्ने, विवाह, मृत्यु संस्कारसँग जोडिएको दक्षिणा आदी प्राप्त गर्ने हो। तर आर्थिक अवस्था कमजोर हुँदा कतिपयले किनेको गाउँ फेरि अरूलाई बेच्ने गरेका उदाहरण पनि छन्।

धनुषा जिल्लामा मात्रै करिब दुई हजारको हाराहारीमा डोम समुदायको बसोबास रहेको अनुमान छ। उनीहरूले एकदेखि तीनवटासम्म गाउँ किन्ने अभ्यास देखिन्छ।

डोम समुदायको परम्परागत पेशा बाँसका सामग्री बनाउने, सुँगुर पालन गर्ने तथा मसान घाटमा अन्त्येष्टि कार्यसँग सम्बन्धित छ। मधेसमा अन्त्येष्टिका लागि आवश्यक 'दागबत्ती दिनको लागि आगो डोम समुदायबाटै खरिद गर्नु पर्ने चलन अझै प्रचलित छ, जसले उनीहरूको सांस्कृतिक भूमिकालाई पनि देखाउँछ।

## कानुनी र संवैधानिक पाटो भन्दा फरक परम्परा

नेपालको संविधानले प्रत्येक नागरिकलाई देशको जुनसुकै स्थानमा बसोबास गर्न, पेशा गर्न र व्यापार-व्यवसाय सञ्चालन गर्न स्वतन्त्रता दिएको छ। यस्तो अवस्थामा 'गाउँ किनेर एकाधिकार कायम गर्ने' परम्परा कानुनी रूपमा अवैध देखिन्छ। यस्तो कार्यलाई कानुनी कुनै किसिमको मान्यता पाउने अवस्था देखिँदैन।

क्षीरेश्वरनाथ नगरपालिका वडा नं ७ हरिहरपुरका वडा अध्यक्ष मोहम्म मोबारक कबाडी नथुनिको अनुसार, यस्तो प्रकारको 'गाउँ किनबेच' सम्बन्धी कागजातहरू औपचारिक रूपमा वडा कार्यालय वा मालपोत कार्यालयमा दर्ता हुँदैन। "यो डोम समुदायभित्रको सहमतिमा आधारित अनौपचारिक उनिहरुको परम्परागत अभ्यास हो, राज्यले वा कुनै पनि स्थानीय सरकार /पालिकाले वा कानुनले यसलाई वैधानिक रूपमा मान्यता दिएको छैन," वडा अध्यक्ष कबाडीले बताए।

कानुनविद्हरू भने यो प्रथाले संविधानले दिएको पेशा तथा व्यापार स्वतन्त्रताको मर्मको विपरीत रहेको बताउँछन्। अधिवक्ता सतीश लाल कर्णले भने, "कुनै क्षेत्र विशेषमा एक व्यक्तिलाई मात्र व्यापार गर्ने अधिकार दिनु प्रतिस्पर्धा र स्वतन्त्रताको सिद्धान्त विपरीत हो, यस्तो परम्परा वा अभ्यास सामाजिक रूपमा स्वीकृत भए पनि कानुनी हैसियत राख्दैन र कुनै पनि किसिमको कानुनी आधार यसले पाउँदैन।"अधिक्ता कर्णले परापुर्वकाल देखि डोम समुदायहरुले यसरी आफ्नो समुदाय भित्र यो चलन चलाएको हुँदा यसलाई यता खासै वास्ता पनि गरिदैन ।उनले आफूले यस्तो मामिला सम्बन्धी अहिले सम्म कुनै मुद्दा समेत कतै आएको नसुनेको बताए।

## यो परम्पराले फाइदा कि ऋण ?

डोम समुदायका लागि गाउँ किन्ने परम्परा आम्दानीको सुनिश्चित माध्यम जस्तो देखिए पनि यसको अर्को पाटो ऋणमा पर्ने पनि छ । कतिपयले ऋण लिएर गाउँ किन्ने गर्छन्, तर सोचे अनुसार काम गरेर आम्दानी गर्न नस्कदा ऋणको भार बढ्ने गरेको स्थानीयहरू बताउँछन्।

समाजशास्त्री नागेन्द्र दुबेको अनुसार कसै कसैले सोचे जस्तो आम्दानी गर्ने अवस्था नहुँदा, किनेको गाउँबाट पर्याप्त आम्दानी गर्न नसकेपछि घाटामा फेरी अर्कोलाई बेच्नुपर्ने अवस्था आउने गर्छ। उनले भने, "यसले समुदायलाई दीर्घकालीन रूपमा आर्थिक रूपमा सबल बनाउनुको सट्टा ऋणको चक्रमा पार्ने जोखिम पनि देखिन्छ।"

## नयाँ पुस्ताको युवाहरु के भन्छन् ?

डोम समुदायकै नयाँ पुस्ताका युवाहरुमा यो परम्पराबारे मिश्रित धारणा देखिन्छ। केही युवाहरू यसलाई आफ्नो जातीय पहिचान र परम्परागत पेशाको निरन्तरताका रूपमा हेर्छन् भने कतिले यसलाई बाध्यता र परम्पराको निरन्तरता मान्छन्।

क्षीरेश्वरनाथ नगरपालिका ६ का एक युवा रामचरित्र मलिक भन्छन्, "अब पढेलेखेका केटाहरु वैदेशिक रोजगारमा साउदी ,मलेसिया र कतार जान्छन्। कति भारतको पंजाब आसाम जान्छन् र केहिले सुंगुर बंगुर पालेर बेच्ने व्यापार तर्फ लागिरहेका छन्। गाउँ किनेर बस्ने सोच घट्दै गएको छ।"

तर अर्का एक युवा दिलिप मलिकको भनाइ छुट्टैछ उनले भने, "यो हाम्रो परम्परा हो, तर अहिलेको समयमा यसबाट मात्र जीवन धान्न गाह्रो छ।यो परम्परालाई जिवित राख्दै अरु पनि कामहरु गर्ने गरेका छौं।"

## के भन्छन् स्थानियवासी

गाउँ किनबेच हुने विषयमा अन्य समुदायका मानिसहरूमा पूर्णरुपमा जानकारी नहुने अवस्था पनि देखिन्छ भने कतिपय यसलाई सामान्य परम्पराका रूपमा स्वीकार गर्छन्, भने केहीले यसलाई खासै महत्व नदिएको बताउँछन्।

क्षीरेश्वरनाथ नगरपालिका ७ फुलो देवीले भनिन्, "हामीलाई कसले गाउँ किनेको छ भन्ने थाहा पनि हुन्न, अब चाड पर्वको बेला जसले समान लिएर बेच्न गाउँ पसेको देख्छौं उसै संगै किन्छौं।"

डोम समुदायको परम्परा बारे क्षीरेश्वरनाथ नगरपालिका ५ का जिवछ मण्डल भन्छन्, "डोम समुदायभित्रको यो परम्परा र नियमलाई सम्मान गर्नु पर्छ , तर गाउँमा को आएर सामान बेच्छन् त्यति वास्तै नहुने र सामान चाहिएको बेला खरिद गर्दै आएको छौं।"उनको अनुसार डोम समुदायमा आफै एक किसिमको आफ्नो परम्परा प्रति इमान्दारिता हुन्छ कि जसको जुन गाउँ हो त्यो गाउँमा अरु बाहिरकाले सामान बेच्न जाँदैनन् । उनिहरुको समुदाय भित्र कसको कुन गाउँ हो त्यो कुरा प्राय आफू भित्र जानकारी नै हुन्छ।

*बाँकी पृष्ठ ३ मा*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |

| | |
|---|---|
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# डोम समुदाय जहाँ गाउँ...

## के भन्छन् दलित अधिकार र मानव अधिकारकर्मीहरु



दलित अधिकारकर्मीहरू यो प्रथालाई दुई तरिकाले हेर्छन्। एकातर्फ यसले डोम समुदायको परम्परागत पेशा र न्यूनतम आम्दानी सुनिश्चित गर्ने माध्यमका रूपमा काम गरेको छ। अर्कोतर्फ, यसले उनीहरूलाई सीमित पेशा र भूगोलमै बाँधेर राख्ने जोखिम पनि बोकेको छ। दलित अधिकारकर्मी बिनोद महरा भन्छन्, "यो परम्पराले उनीहरूको जीविकोपार्जन त जोगाएको छ, तर विकल्प र अवसर विस्तार गर्न भने रोकेको छ।"

अधिकारकर्मी महराका अनुसार, राज्यले यस्तो समुदायलाई वैकल्पिक रोजगारी, शिक्षा र सीप विकासमा जोड दिनु आवश्यक छ, ताकि उनीहरू बाध्यताले होइन, रोजाइले पेशा चयन गर्न सकून्।

मानव अधिकारको क्षेत्रमा क्रियाशील संस्था इन्सेकका मधेस प्रदेश संयोजक राजु पासवानले यो परम्परालाई डोम समुदायको पहिचान, अर्थोपार्जन, सम्पती र अस्तित्व संग जोडेर हर्नु पर्ने धारणा व्यक्त गरे। पासवान भन्छन्, "यो परम्परलाई व्यवस्थित बनाउनु पर्नो। डोम समुदायहरु जहाँ छन् तिनीहरु प्राय एलानी जग्गामा दुइ तीन धुर जग्गामा एक छाप्रो बनाएर बसेका हुन्छन् उनिहरुको आफ्नो जग्गा जमिन प्राय हुन्न तर उनीहरू संग त्यहि गाउँ हुन्छ जुन किनेका हुन्छन्। गाउँमा उनिहरुले आफ्नो समान बेचेर जीविकोपार्जन गर्ने गर्छन् ।अनि आवश्यक परेको बेला जसरी अरुले जग्गा जमिन बेचेर काम चलाउँछन् उनिहरु पनि आफ्नो गाउँ बेचेर आवश्यक्ता टार्छन्।"उनले बरु अहिले बाँसको सामग्रीको ठाउँमा प्लास्टिक सामग्रीहरुको चलनले उनिहरुको पुर्खौली बरु संकटमा परेको बताए ।

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार डोम समुदायको कुल जनसंख्या करिब १३ देखि १५ हजारको बीचमा रहेको अनुमान छ। यो समुदाय मुख्य रूपमा मधेस प्रदेशका धनुषा, महोत्तरी सप्तरी, सिराहा, सर्लाही र रौतहट जिल्लामा बढीजसो केन्द्रित रहेको देखिन्छन्।

यसरी हेर्दा परम्परा, पेशा र जीविकाबीच गहिरो सम्बन्ध बोकेको डोम समुदायको 'गाउँ किनबेच' अभ्यास आधुनिक समाजका लागि अनौठो लाग्न सक्छ, तर उनीहरूका लागि यो पहिचान र अस्तित्वसँग जोडिएको यथार्थ हो।

# बलवा नगरपालिकामा नि:शुल्क आँखा जाँच शिविर सम्पन्न

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**वैशाख ८ गते, महोत्तरी**

बलवा नगरपालिका- स्वास्थ्य शाखाको आयोजना तथा लायन्स क्लब अफ जनकपुरधाम र चक्ष्त फाउण्डेशनको सहयोग तथा सहकार्यमा 'नि:शुल्क आँखा जाँच शिविर' सम्पन्न भएको छ।


बलवा नगरपालिका-स्थित यश स्वास्थ्य चौकी, बनौटामा सञ्चालन गरिएको उक्त शिविरमा १२६ जनाको आँखा परीक्षण गरिएको स्वास्थ्य शाखाले जनाएको छ। परीक्षणका क्रममा ३० जनामा मोतिबिन्दुको समस्या देखिएको र उनीहरूलाई शल्यक्रिया आवश्यक पर्ने निष्कर्ष निकालिएको छ।

मोतिबिन्दु पहिचान भएका ती बिरामीहरूलाई भोलि पालिकाको समन्वय र सहयोगमा जानकी आँखा अस्पतालमा नि:शुल्क शल्यक्रिया गरिने व्यवस्था मिलाइएको जनाइएको छ।



बलवा नगरपालिकाका नगर प्रमुख राम विजय महतोले यस्ता शिविरले विपन्न तथा ग्रामीण भेगका नागरिकलाई सहज रूपमा स्वास्थ्य सेवा पहुँचमा ल्याउन महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। उहाँले आगामी दिनमा पनि यस्ता स्वास्थ्यसम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइने र आवश्यक परे थप सहयोग विस्तार गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

स्थानीय तहको पहल तथा विभिन्न संघसंस्थाको सहकार्यमा सञ्चालन गरिएको यस शिविरले सर्वसाधारणलाई सहज रूपमा स्वास्थ्य सेवा प्राप्त गर्न महत्वपूर्ण सहयोग पुगेको नगर पालिकाले जनाएको छ।









# सरकारी सम्पत्ति व्यक्तिका नाममा दर्ता विवादमा उच्च अदालत जनकपुरको नयाँ अभ्यास

खबर दर्पण समाचारदाता
**वैशाख ८ गते, बर्दिवास**

उच्च अदालत जनकपुर इजलासले सरकारी बाटो व्यक्तिले आफ्नो नाममा नापी गरेको विवादमा सो मुद्दाको विषयवस्तुको जटिलतालाई मध्यनजर गरी स्थलगत अध्ययनपश्चात प्रतिवेदन पेस गर्न आदेश गरेको छ ।

कामु मुख्यन्यायाधीश टेकनारायण कुँवर, न्यायाधीश टीकाराम आचार्यको इजलासले उक्त जमिन सार्वजनिक कायम गरी पाउँ भनी आएको विवादमा सोमबार सो आदेश गरेको हो । पृथ्वी साह हलुवाईले जगदीश पासमानविरुद्ध दूषित लिखत बदर दर्ता मुद्दामा उक्त आदेश दिएको हो ।

विवादित जग्गाको अवलोकन निरीक्षणका लागि अदालतले पाँचबुँदे आदेश दिएको छ । सो आदेशमा विवादित स्थानको स्थलगत निरीक्षण अवलोकन गर्न २०८३ वैशाख १३ गतेको दिन तोकी मुद्दाका दुवै पक्ष स्वयं र स्थलगत रूपमा उपस्थित हुन चाहेमा निजहरूको तर्फबाट नियुक्त विद्वान् कानुन व्यवसायीलाई समेत सो दिन ठीक १० बजे उपस्थित हुन पत्रमार्फत जानकारी गराउनू भनिएको छ ।

उक्त तोकिएको मितिमा स्थलगत अवलोकन यो आदेश गर्ने इजलासका न्यायाधीश आफैँले गर्ने र सो कार्यका लागि अदालतका रजिष्ट्रार, इजलास अधिकृत तथा सम्बन्धित फाँट प्रमुखलाई समेत उपस्थित हुन जानकारी गराउनू भनिएको छ ।

"उक्त विवादित जग्गाको नक्सा गर्ने सम्बन्धित जिल्ला अदालतको प्राविधिक (अमिन) र नापी कार्यालय, धनुषाका सर्भेयरलाई समेत विवादित स्थलमा नापजाँच उपकरणसहित उपस्थित हुन लेखि पठाई अनिवार्य रूपमा तोकिएको मिति, समय र स्थानमा उपस्थित गराउनु," आदेशमा भनिएको छ ।

दुवै पक्षलाई रोहवरमा राखी खटिएको अधिकृत तथा कर्मचारी टोलीबाट निरीक्षण



अवलोकनमा देखिएका तथ्यहरूसहित प्रतिवेदन तयार पारी पेस गर्न समेत आदेशमा भनिएको छ ।

मुद्दाको विषयवस्तुको जटिलतालाई मध्यनजर गरी विवादित कि.नं.का जग्गाहरू अवस्थित स्थानको प्रत्यक्ष रूपमा अवलोकन तथा निरीक्षण गरी निष्कर्षमा पुग्नक उचित देखिएको हुँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १७८ बमोजिम ठाउँ अवलोकन गरी प्रतिवेदन तयार पार्ने सम्बन्धमा व्यवस्था गर्न ६ बुँदे आदेश गरेको छ ।

यो आदेश उच्च अदालतले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १७८ बमोजिम गरेको नयाँ अभ्यास हो । यसअघि, सर्वोच्च अदालतले वातावरणसम्बन्धी गोदावरी मार्वलको विषयमा स्थलगत अध्ययन गर्न टोली गएको थियो । रासस


**व्यक्तिगत घटना दर्ता सप्ताह**

**२०८३ साल बैशाख १ देखि ७ गतेसम्म**

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौ / गराऔं ।

**मटिहानी नगरपालिका, महोत्तरी**



**व्यक्तिगत घटना दर्ता सप्ताह**

**२०८३ साल बैशाख १ देखि ७ गतेसम्म**

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौ / गराऔं ।



**औरही नगरपालिका, महोत्तरी**

योग एक प्राचीन अभ्यास हो । यसले शरीर, मन र आत्मालाई सन्तुलनमा राख्न मद्दत गर्छ ।

योगका फाइदाहरू
- शारीरिक स्वास्थ्य सुधार: शरीर लचिलो र बलियो बनाउँछ
- मानसिक शान्ति: तनाव, चिन्ता र डिप्रेसन कम गर्छ
- रोग प्रतिरोधात्मक क्षमता बढाउँछ
- निद्रा सुधार गर्छ
- ध्यान केन्द्रित गर्न सहयोग गर्छ

ध्यान दिनुपर्ने कुराहरू
- खाली पेट वा हल्का खाना खाएपछि मात्र योग गर्नुहोस्
- शुरुवातमा सजिला आसनहरूबाट अभ्यास सुरु गर्नुहोस्
- दीर्घ रोग वा स्वास्थ्य समस्या भएमा चिकित्सकको सल्लाह लिनुहोस्
- नियमित अभ्यास गर्नु अत्यन्त आवश्यक छ
- सामान्यतया बिहानको समयमा योग गर्नु उत्तम मानिन्छ।
- यसले दिनभर ऊर्जा र सकारात्मकता दिन्छ।

अनुरोधकर्ता :

**जनकपुरधाम उपमहानगरपालिका**

धनुषा , जनकपुरधाम
मधेश प्रदेश

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिवास, महोत्तरी

044-550255



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,